# प्रभु इन्स्योरेन्स लिमिटेडको

**सूचनाको हक सम्वन्धि ऐन,२०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्वन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण**

**(अवधि : विवरण सार्वजनिक गरेको २०८२/०१/०१ देखि २०८२/०३/३२ सम्म)**

१. **कम्पनीको स्वरुप र प्रकृति:**
कम्पनी ऐन बमोजिम २०५३ साल आषाढ १३ गते नेपाल सरकार कम्पनी रजिष्टार कार्यालयमा दर्ता भई कम्पनी लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो । मिति २०५३ साल श्रावण १ गते नेपाल बीमा प्राधिकरणबाट निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको प्रमाणपत्र प्राप्त गरी निर्जीवन बीमा कारोवार शुरु गरिएको हो ।
- क) चूक्ता पूंजी: रु १,४४,१४,८८,०६७/-
- ख) कम्पनी दर्ता नं.: १८३/०५१/०५२
- ग) मुल्य अभिवृद्धि कर दर्ता नं.: ५००१०५६३०

२. **कम्पनीको काम, कर्तव्य र अधिकार:**
बीमा ऐन, २०७९, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धि ऐन २०६३ तथा अन्य प्रचलित कानुन, नियम तथा निर्देशिकाहरुको अधीनमा रही निर्जिवन बीमा व्यवसाय गर्ने ।

३. **कम्पनीमा रहने कर्मचारी संख्या कार्य विवरण:**
आ.व. २०८१/०८२ को आषाढ मसान्तसम्ममा यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या २६७ रहेको छ। विभिन्न विभागहरु गठन गरी कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ । व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेभसाइट www.prabhuinsurance.com मा उपलब्ध छ ।

४. **कम्पनीबाट प्रदान गरिने सेवा:**
बीमा ऐन, २०७९ बमोजिम निर्जीवन बीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पूर्ण बीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने कम्पनीको शाखा र जिम्मेवार अधिकारी:**
यस कम्पनीले हाल सम्म केन्द्रिय कार्यालय शाखा तथा उपशाखा सहित ५९ शाखाहरुमा निर्जीवन बीमा सेवा प्रदान गरिरहेको छ । सेवाप्रदान गर्ने शाखाहरुको विवरण यस कम्पनीको वेबसाईटमा उपलब्ध छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:**
नेपाल बीमा प्राधिकरणबाट स्वीकृत बीमालेखमा तोकिएको बीमादर बमोजिम जोखिमको विश्लेषणको आधारमा बीमाशुल्क लिने गरिएको छ । दावी भुक्तानीको हकमा बीमितबाट आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको मितिले ३५ दिनभित्र भुक्तानी गर्ने गरिन्छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी:**
यस कम्पनीले गर्ने बीमा कारोबारहरुको सम्वन्धमा गरिने विभिन्न निर्णयहरु बिभिन्न तहका कर्मचारीहरुले निर्णय गरिने विषयवस्तु प्रकृतिको आधारमा निर्णय गर्ने व्यवस्था एवम् प्रकृया मिलाइएको छ । अन्य विशेष निर्णयहरुको हकमा निर्णय गरिने विषयवस्तु प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत, कम्पनीमा कार्यरत विभिन्न समिति तथा उपसमिति तथा संचालक समितिबाट आवश्यक निर्णयहरु लिने गरिएको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**
उजुरीको प्रकृतिको आधारमा सम्बन्धित विभागीय प्रमुखको निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख कार्यकारी अधिकृत रहेका छन् ।

९. **सम्पादन गरेको कामको विवरण:**
बीमा ऐन, २०७९ तथा नेपाल बीमा प्राधिकरणले तोके बमोजिम निर्जीवन बीमासंग सम्वन्धित कारोबारहरु ।

१०. **कम्पनी प्रमुख र सूचना अधिकारी को नाम र पद:**
प्रमुख कार्यकारी अधिकृत: श्री सन्चित बज्राचार्य, सूचना अधिकारी: श्री देवेन्द्र कर्माचार्य, सहायक प्रबन्धक, फोन न. ५१९९२२०

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**
बीमा ऐन २०७९, कम्पनी ऐन, २०६३, धितोपत्र सम्बन्धि ऐन, २०६३ तथा नियमावली, २०६४, श्रम ऐन, २०७४ तथा नियमावली, २०७५, वोनस ऐन, २०३० तथा नियमावली, २०३९, आयकर ऐन, २०५८ तथा नियमावली, २०५९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३, नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०८०, सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण २०८१, कम्पनीको कर्मचारी सेवा विनियमावली, २०८१, आर्थिक प्रशासन नियमावली, २०८१ तथा संचालक समितिद्वारा जारी नीति नियम तथा विनियमहरु ।

१२. **आम्दानी खर्च तथा आर्थिक कारोबारहरु सम्बन्धि अद्यावधिक विवरण:**
यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबारहरु सम्बन्धि त्रैमासिक विवरण राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदैं आएको छ र त्यसरी प्रकाशित आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक विवरण यस कम्पनीको वेबसाईट www.prabhuinsurance.comमा समेत राखिएको छ ।

१३. **अघिल्लो आर्थिक वर्षमा कम्पनीले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:**
अघिल्लो आर्थिक वर्षमा कम्पनीले वार्षिक साधारण सभा, शाखा सम्मेलन, कर्मचारी तथा अभिकर्ता तालिम आदि गरेको थियो ।

१४. **कम्पनीले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:**
यस कम्पनीले वैदेशिक सहायता, ऋण, अनुदानप्राप्त गरेको छैन । पुनर्वीमा कम्पनी Best Meridian International को अगुवाईमा अन्य पुनर्वीमकहरुसंग पुनर्वीमा सम्झौता गरेको छ ।

१५. **कम्पनीले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**
कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको वेबसाईटमा राखिएको छ ।

१६. **कम्पनीले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**
हाल सूचना वर्गिकरण गरिएको छैन ।

१७. **कम्पनीमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण:**
उक्त अवधिमा सूचना माग नभएको ।

१८. **कम्पनीका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण:**
कम्पनीको त्रैमासिक विवरण, वार्षिक साधारण सभा बस्ने सम्बन्धि सूचना लगायत अन्य आवश्यक सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरी कम्पनीको वेबसाईटमा समेत राख्ने गरिएको छ ।


prabhu INSURANCE
protecting your future.

**प्रभु इन्स्योरेन्स लिमिटेड**®
तिनकुने, काठमाण्डौ
फोन ०१-५१९९२२०/२६, फ्याक्स ०१-५१९९२४७
Email: info@prabhuinsurance.com
Website: www.prabhuinsurance.com